Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87545
Research Article
ISSN: 3021-9035 Print

# उत्पीडनका स्वरूप र सामाजिक प्रभावहरू

*टेकबहादुर श्रीस*
*p.thapa@outlook.com*

## लेखसार

उत्पीडन भनेको के हो ? उत्पीडनका प्रकृति केकस्ता छन् ? उत्पीडनका सामान्य प्रभाव भनौँ वा दुष्प्रभावहरू कस्ता छन् ? प्रस्तुत आलेखको उद्देश्य यसको उत्तर खोज्नु हो । सामान्य अर्थमा उत्पीडनको परिभाषा कानुनले पनि दिएको छ भने समाजशास्त्रीय अर्थमा उत्पीडनका बारेमा देशीविदेशी विद्वान्हरूले चर्चा गरेको पाइन्छ। यी आधार अवलम्बन गरेर यो आलेखमा उत्पीडनको बारेमा चर्चा गरिएको छ। अध्ययनबाट प्राप्त निचोडले सबैभन्दा बढी आर्थिक उत्पीडन रहेको देखाएको छ। त्यस सन्दर्भमा आर्थिक उत्पीडनको एउटा स्वरूप गरिबीलाई मानेर त्यसको सेरोफेरोमा नेपालको कृषिक्षेत्र र बेरोजगारीबारे तथ्याङ्क प्रस्तुत गर्दै त्यसको चर्चा गरिएको छ। सामान्यतः उत्पीडनलाई कानुनले सम्बोधन गरेको भए पनि समाजशास्त्रीय दृष्टिकोणबाट उद्घाटन हुने उत्पीडनको अन्तका लागि अन्ततः स्वयम् मानव समाजमा नै जागरण हुन आवश्यक रहेको निष्कर्ष यस आलेखमा प्राप्त भएको छ। मानव समाजमा क्रमशः विभेद, शोषण र उत्पीडनको प्रतिकार गर्ने तथा अन्ततः स्वतन्त्रता, मुक्ति, भ्रातृत्व र समानतातर्फ अघि बढ्ने जन्मजात प्रवृत्ति रहेकाले उत्पीडनको दुष्प्रभावका बारेमा यस आलेखमा चर्चा गरिएको छ।

## शब्दकुञ्जी

उपरी संरचना, कृषिगणना, संरचनात्मक प्रकार्यवाद, समाजशास्त्रीय अध्ययन।

## विषय प्रवेश

उत्पीडन सामान्य शब्द भए पनि यसको अर्थ व्यापक छ। साधारण पाठकमा उत्पीडनको सामान्य अर्थ नै बढी प्रयोगमा आउछ। जस्तै : शारीरिक उत्पीडन, मानसिक उत्पीडन, यौन उत्पीडन आदि। जब समाजशास्त्रीय अर्थमा उत्पीडनको अर्थ खोजिन्छ; तब यसले बृहत् व्याख्याको माग गर्दछ। अझै उत्पीडनको ठोस अर्थ र प्रभाव अर्थशास्त्रको क्षेत्रमा खोज्न सकिन्छ। खास अर्थमा आर्थिक उत्पीडन अझै बढी आधारभूत प्रकृतिको हुन्छ। आर्थिक क्षेत्रमा असमानता, उत्पीडन र त्यसका प्रभाव धेरै नै गहन र व्यापक हुन्छ। तर यसको परिणाम सबैतिर देखा पर्दछ एवम् प्रकारले राजनीतिक क्षेत्रमा हुने उत्पीडन तथा सांस्कृतिक क्षेत्रमा हुने उत्पीडनको उत्खनन् गर्ने हो भने बेग्लै पाटो अगाडि आउनेछ।

मानव समुदाय वा मानव समाजका सबै क्षेत्रमा उत्पीडनको प्रभाव त्यत्तिकै घनीभूत छ। शारीरिक उत्पीडन, मानसिक उत्पीडन, यौन उत्पीडनका विषयले त्यति धेरै व्याख्याको माग नगर्लान्, तर समाजशास्त्रीय दृष्टिकोणबाट उत्पीडनको प्रभावको खोजी गर्नु बृहत् विषय हो। प्रस्तुत आलेखमा मुख्यतः सामान्य अर्थमा उत्पीडन, जसलाई कानुनले पनि परिभाषित र सम्बोधन गरेको छ र समाजशास्त्रीय दृष्टिकोणबाट उत्पीडन, जसलाई विभिन्न देशीविदेशी विद्वान्हरूले छलफल चलाएका छन्– यी दुइटा विषयलाई समेटिएको छ।

उत्पीडनले विभेदका विभिन्न क्षेत्रलाई समेट्छ। समाजशास्त्रभन्दा फरक क्षेत्रको हकमा उत्पीडनको समाधान

प्राविधिक प्रकारले पनि गर्न सकिएला । समाजशास्त्रमा उत्पीडनका विभिन्न स्वरूप किटानी गरिएको हुन्छ । त्यसमध्ये सामाजिक, जातीय र सांस्कृतिक उत्पीडन प्रखर रूपमा देखा पर्दछन्, जब कि यी सबै उत्पीडनको आधारका रूपमा आर्थिक उत्पीडन रहन्छ। मार्क्सले यो तथ्यमा जोड दिएका छन्, तर समाजशास्त्रका पिता मानिने अगस्त कोम्टे र अन्य विद्वान्हरू इमाइल दुर्खिम, म्याक्स वेबर, पियरे बोरदिऊसहितले भने आर्थिक तत्त्वलाई मात्र उत्पीडनको आधार मानेका छैनन्। यसरी उत्पीडनका कारण र प्रभाव अध्ययनको सन्दर्भमा आर्थिकसँगै अन्य विभिन्न आधार देखा पर्दछन् । सामाजिक उत्पीडनको अध्ययन गर्दा मार्क्सवादसँगै समाजशास्त्रका विभिन्न मतका बारेमा चर्चा गर्नुपर्ने हुन्छ।

विकासोन्मुख देशमा आर्थिकभन्दा सामाजिक, जातीय तथा सांस्कृतिक समस्या सतहमै देखा पर्दछ । हाम्रोजस्तो देशमा अल्पसङ्ख्यक,सीमान्तकृत, दलित, जनजाति, आदिवासी, भौगोलिक र धार्मिक उत्पीडन बढी चर्को रूपमा देखा परेका छन् । बेग्लाबेग्लै समयमा यी विभिन्न स्वरूपमध्ये कुनै एक उत्पीडन प्रखर बन्दछन् । जातीय उत्पीडनको निर्मूलीकरणका लागि समावेशिता, विकेन्द्रीयताजस्ता सकारात्मक विषयलाई संविधानमा प्रवेश गराएको पाइन्छ। २०७२ सालको संविधानमा यस्तै विभिन्न उत्पीडन र त्यसको प्रभावलाई सम्बोधन गरेको छ।

## *अध्ययनविधि*

प्रस्तुत आलेख तयार पार्दा मूलतः द्वितीयक स्रोतको सामग्री प्रयोग गरिएको छ । विषयमाथिको विवेचनाका क्रममा नेपाल र नेपालबाहिरका विभिन्न विद्वान्का सामग्री उपयोग गरिएको छ। त्यो क्रममा विभिन्न पुस्तक, प्रतिवेदन, रिपोर्टलाई समावेश गरिएको छ। विचार वा धारणा सँगसँगै मुख्यतः तथ्यतथ्याङ्क प्रस्तुत गर्ने तरिका अपनाइएको छ। नेपालको सन्दर्भमा जनगणना, कृषिगणना र जीवनस्तर सर्वेक्षणका तथ्याङ्क उपयोग गरिएको छ । उत्पीडनका विभिन्न रूपमध्ये नमुनाको रूपमा आर्थिक उत्पीडनलाई लिइएको छ।

## *उत्पीडनको परिचय*

उत्पीडन भन्नाले कसैले कसैलाई पीडा दिनु, कष्ट दिनु वा सताउने कार्य भनेर बुझिन्छ (प्र.ने.बृ.श., २०७९, पृ. २१७) । उत्पीडनको अर्थ कसैले कसैलाई विभिन्न कारण र स्वार्थले जबर्जस्ती गर्नु, डर, धम्की, अपमान गर्नु भन्ने पनि हुन्छ । उत्पीडनले गर्दा अर्को व्यक्तिलाई शारीरिक, मानसिक वा भावनात्मक रूपमा पीडा हुन्छ वा त्रास पुग्दछ। राजनीतिक शब्दावलीमा उत्पीडनलाई अन्यायपूर्ण क्रियाकलापको रूपमा लिइन्छ। उत्पीडकले उत्पीडित व्यक्तिमाथि असहज व्यवहार थोपर्दछ। यस्तो गर्नु उत्पीडकको स्वार्थमा हुन्छ; तर उत्पीडित व्यक्ति, समूह अथवा समुदायको भने विरुद्धमा हुन जान्छ। उत्पीडनको परिभाषालाई सामान्यतः दुई प्रवर्गमा विभाजन गरी छलफल चलाउन सकिन्छ। जस्तै–

१. सामान्य अर्थमा

२. समाजशास्त्रीय अर्थमा

उत्पीडन गलत दृष्टिकोण र विभेदबाट जन्मिन्छ; जहाँ कुनै विषयमा कसैलाई विभेद गरिन्छ भने त्यससँगै उत्पीडनको उत्पत्ति हुनु सम्भव छ। जस्तै– दर्शन, विचार, धर्म, राजनीति, आर्थिक अवस्था, लिङ्ग, वर्ग, क्षेत्र, भूगोल, जातजाति, भाषा, संस्कार, संस्कृति, उमेर, मनोविज्ञान, फरक क्षमता, पेसाका आधारमा उत्पीडन देखापर्छ। एक मानिसले अर्को मानिसलाई हेर्ने, बुझ्ने सन्दर्भमा जब उपर्युक्त विषयमा गलत दृष्टिकोण कायम हुन्छ र यस्तो दृष्टिकोणलाई सामाजिक मान्यता मिल्दछ भने त्यहाँ विभेद उत्पन्न भइहाल्छ। त्यही विभेदको व्यावहारिक क्रियाकलाप नै उत्पीडन हो। सामान्य अर्थमा उत्पीडन भन्नाले–

१. शारीरिक उत्पीडन

२. मानसिक उत्पीडन

३. यौन उत्पीडन

४. साइबर उत्पीडन

५. अपाङ्गतासम्बन्धी उत्पीडन भन्ने बुझिन्छ

शारीरिक उत्पीडन भन्नाले शारीरिक हिंसा गर्नु हो। यस्तो उत्पीडनमा मारपिट वा अङ्गभङ्ग हुने गरी शरीरमाथि

नै प्रहार गरिन्छ वा चोट पुऱ्याइन्छ। मानसिक उत्पीडन भन्नाले शारीरिक रूपमा चोट नपुऱ्याइकन अथवा बल प्रयोग नगरीकन तर मुख्यतः मस्तिष्कमा आघात पुऱ्याउने कार्य हुन्छ। यसअन्तर्गत कसैलाई डर देखाउने, धम्की दिने, अपमान गर्ने अथवा भेदभाव गर्ने काम हुन्छ। यौन उत्पीडन भन्नाले लैङ्गिक उत्पीडनलाई बुझिन्छ। पुरुषले महिलालाई वा महिलाले पुरुषलाई यौन स्वार्थका कारणले गरिने अस्वाभाविक क्रियाकलापलाई यौन उत्पीडन भनिन्छ। यसअन्तर्गत कसैले कसैप्रति अश्लील वा अस्वाभाविक व्यवहार गर्ने, यौनहिंसा गर्ने, अनुचित भेदभाव गर्नेजस्ता क्रियाकलाप पर्दछन्।

साइबर उत्पीडन भन्नाले सूचना प्रविधिको क्षेत्रबाट हुने उत्पीडन भन्ने बुझिन्छ। खासगरी न्यू मिडिया अर्थात सामाजिक सञ्जालको विकास भएपछि यस खालको उत्पीडन अस्तित्वमा आएको छ। इन्टरनेट र सामाजिक सञ्जालका माध्यमबाट विभिन्न स्वार्थमा आधारित रहेर गरिने अनुचित क्रियाकलाप गर्नु साइबर उत्पीडन हो। शारीरिक वा मानसिक कारणले सामान्य मानिसभन्दा फरक अवस्थामा हुनु अपाङ्गता हो। यसलाई आधार बनाएर कसैमाथि भेदभाव वा अन्याय गरिन्छ भने त्यसलाई अपाङ्गतासम्बन्धी उत्पीडन भनिन्छ।

## समाजशास्त्रीय दृष्टिकोणमा उत्पीडन

समाजशास्त्रीय दृष्टिकोणबाट उत्पीडन भन्नाले कुनै व्यक्तिको जात, लिङ्ग, धर्म, भाषा, वर्ग, संस्कृति वा सांस्कृतिक पहिचानका आधारमा देखा पर्ने विभेदको आधारमा गरिने फरक र असहज व्यवहारलाई बुझ्नुपर्ने हुन्छ। यो क्षेत्रमा उत्पीडनको वर्गीकरण यसप्रकार रहेको छ–

१. सामाजिक उत्पीडन
२. आर्थिक उत्पीडन
३. राजनीतिक उत्पीडन
४. सांस्कृतिक उत्पीडन
५. लैङ्गिक उत्पीडन
६. जातीय वा जातीयतामाथिको उत्पीडन

उपर्युक्त छओटा वर्गीकरणमध्ये सामाजिक उत्पीडनभित्र अन्य धेरै प्रकारका उत्पीडनलाई समावेश गरेर चर्चा गर्न सकिन्छ। जस्तै–

१. राजनीतिक उत्पीडन
२. आर्थिक उत्पीडन
३. सामाजिक उत्पीडन

## उत्पीडनका विशेषता

उत्पीडनका बेग्लाबेग्लै विशेषता रहेका हुन्छन्। यद्यपि लोकतन्त्र, समावेशिता र विकेन्द्रीकरणको अहिलेको युगमा धेरै उत्पीडनसँग सम्बन्धित समस्यालाई समाधान गर्ने प्रयास भएको पाइन्छ। तर सबै उत्पीडनको केन्द्रमा वर्गीय उत्पीडन अर्थात् आर्थिक उत्पीडन रहन्छ। यो उत्पीडनको अन्त्य हुन नसक्दा समस्या जस्ताको तस्तै छन्।

## सामाजिक उत्पीडन

यस्तो उत्पीडनको एउटा विशेषता सामाजिक संरचनामा त्यसको जरा रहनु हो। परम्परा, मान्यता, कानुन र व्यवहारमा रहेबसेका जातीय विभेद, छुवाछुत, लैङ्गिक असमानता यस्ता उत्पीडन हुन्। यो उत्पीडनमा शक्तिको असमान वितरणबाट सृजित समस्याको रूपमा शक्तिशाली तप्काले कमजोर तप्कालाई शोषण, उत्पीडन गर्दछ। यस क्रममा समाजका विभिन्न तप्का सामाजिक बहिष्करणमा पर्दछन्। त्यस क्रममा उत्पीडित तप्कामा बेरोजगारी र सीमान्तीकरणलगायत विभिन्न समस्या देखापर्दछन्। सामाजिक उत्पीडनअन्तर्गत आदिवासी, जनजातिमाथिको विभेद, दलित समुदायमाथि छुवाछुतको व्यवहार, महिलालाई उच्च शिक्षामा प्रवेश गर्न रोक लगाउनुलगायत विभिन्न भेदभाव, कुनै धार्मिक सम्प्रदायलाई अवहेलना गर्नु, मातृभाषाको प्रयोगबाट सम्बन्धित भाषिक समुदायलाई वञ्चित गर्नुजस्ता रूपहरू पर्दछन्।

## आर्थिक उत्पीडन

श्रमको शोषण हुनु यस उत्पीडनको मुख्य समस्या हो। प्रचलित ऐनअनुसारभन्दा पनि कम तलब दिइनु यस्तो शोषणको प्रस्ट देखिने उदाहरण हो। यद्यपि कानुनअनुसार पारिश्रमिक दिँदा पनि मजदुरको शोषण, उत्पीडन हुन्छ भन्ने कार्ल मार्क्सको प्रसिद्ध प्रस्थापना छ। सामान्य अर्थमा हामीले तलब अथवा मजदुरीलाई श्रमको 'मूल्य' ठान्दछौँ;

तर मार्क्स यो तर्कलाई अस्वीकार गर्छन्। उनको भनाइअनुसार यदि श्रमको मूल्य नामको कुनै वस्तु साँच्चै हुन्छ र यदि पुँजीपतिले साँच्चै श्रमको मूल्य भुक्तान गर्नुपर्छ भने पुँजीको अस्तित्व नै असम्भव हुन्थ्यो र त्यस्तो वस्तु कुनै पनि अवस्थामा पुँजी बन्न सक्दैनथ्यो (मार्क्स, सन् १९८७, पृ. ५७०)। यसप्रकार मार्क्सले श्रमको मूल्यलाई व्यापक अर्थमा लिएको देखिन्छ। त्यस्तै जमिन, पुँजी, शिक्षा, सिप, रोजगारीको अवसरबाट विपन्न तप्का वञ्चित हुन्छ। त्यसले गर्दा उनीहरू उत्पीडनमा परेका हुन्छन्। राज्यको आर्थिक नीतिका कारणले गर्दा एउटै नियम, कानुन स्वीकार्दास्वीकार्दै पनि धनी झन् धनी बन्ने र गरिब झन् गरिब बन्दै जाने अवस्था पनि रहन्छ। अहिलेको युगलाई स्वतन्त्रता, समानताको युग भनिए तापनि आर्थिक क्षेत्रको विषमतालाई यथावत् राखिएकाले सम्पन्न र विपन्न वा धनी र गरिबमाझको खाडल झन् चौडा आकारमा बढिरहेको छ। नवउदारवादी अर्थतन्त्रले यस्तो विभेदको आकारलाई अरू फैलाइरहेको छ।

वर्तमान व्यवस्थामा गरिब समुदाय चर्को ब्याजमा ऋण लिन बाध्य हुन्छ भने धनी वर्गले ठुलो आकारमा ऋण लिए पनि कम ब्याज तिर्ने गर्दछ। त्यसबाहेक गरिब समुदाय अनौपचारिक ऋणको पासोमा परेको हुन्छ। मिटर ब्याज, साहुमहाजनी, लघुवित्तीय संस्था र बैङ्कऋणका कारण गरिब समुदायको एउटा सङ्ख्या टाट पल्टिँदै जानु यस सन्दर्भमा उल्लेखनीय छ। घरेलु काममा लागेका महिलाका श्रमको मूल्याङ्कन नहुनु, महिला भएकै कारण असमान ज्याला दिइनु अथवा बढी समयसम्म काममा लगाइनु, नेपालमा थारू, डोम, मुसहर, बादी, चेपाङ, राउटे र विशेष गरी दलित समुदायसँग जमिन नहुनु, जाति वा क्षेत्रीय विभेदका कारण रोजगारीमा भेदभाव हुनु आर्थिक उत्पीडनका थप विशेषता हुन्।

## राजनीतिक उत्पीडन

राजनीतिक उत्पीडन मुख्यतः विचार अभिव्यक्तिको स्वतन्त्रतासँग सम्बन्धित हुन्छ। कुनै निश्चित व्यक्ति, समूह वा समुदायलाई अभिव्यक्तिको स्वतन्त्रता नदिनु अर्थात् राजनीतिक स्वतन्त्रतामा सहभागी नगराइनु यस्तो उत्पीडनको मुख्य विशेषता हो। मुख्यतः राज्य पक्षद्वारा अन्य पक्षसित यो खालको व्यवहार गरिएको हुन्छ। राजनीतिक उत्पीडनसित लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, मानवअधिकार, स्वतन्त्रता, समानताजस्ता वैचारिक मूल्यमान्यता जोडिएर आउँछन्। कुनै जाति, समुदाय, लिङ्ग, वर्ग आदिलाई चुनावमा सहभागी हुन नदिनु वा मतदानमा सहभागी नगराउनु, सरकारको आलोचना गर्न नदिने निरङ्कुशता लागु गरिनु, लोकतन्त्र भनिए पनि पत्रकार, लेखक वा आलोचकीय चेत भएका नागरिकमाथि बन्देज लगाउनु, सरकारको नीति तथा कार्यक्रमको विरोध गर्ने प्रदर्शनकारीमाथि बल प्रयोग गर्नु, सकेसम्म विरोध गर्ने अवसर नदिनु, विरोध गरिहाले तत्कालै पक्राउ गर्नु, पक्राउ परेकालाई कानुन विपरीत यातना दिनु, उनीहरूलाई सनियत झुटा मुद्दामा फसाउनु; यहाँसम्म कि मानव अधिकारकर्मीलाई पनि धम्की दिनु वा गिरफ्तार गर्नु, कतिपय बेलामा राज्य पक्षको उदासिनताका कारण प्रशासनले अभिव्यक्तिको स्वतन्त्रता, समावेशिता र विकेन्द्रीयता विरुद्ध कुनै खास तप्का विरुद्ध काम गर्नु यस्ता उत्पीडनका विशेषता हुन्।

हाम्रो देशमा निरङ्कुश राजतन्त्रको शासनकालमा यस्ता घटना प्रशस्त घट्ने गरेका थिए। २०६२–६३ सालपछि यसप्रकारका घटना सामान्यतः घट्दै वा कम हुँदै गएका छन्। तर कतिपय बेलामा गणतान्त्रिक/ लोकतान्त्रिक भनिएका शक्तिले पनि सुशासन वा कानुनी राज्य कायम गर्ने नाममा राजनीतिक उत्पीडन गर्ने प्रयास गरेका हुन्छन्। यस्तो समस्या नेपालमा मात्रै नभएर विश्वव्यापी रूपमा देखा परेको हुन्छ। अर्को अर्थमा भन्नुपर्दा अधिनायकवाद, निरङ्कुशता र फासिवाद आधुनिक विश्वव्यवस्था सँगसँगै जोडिएर रहेको छ। चुस्तदुरुस्त शासन व्यवस्था अथवा सुशासन रहेको दाबी गरिने मुलुकमा समेत राजनीतिक उत्पीडन त्यत्तिकै व्यापक देखिन्छ। हामीकहाँ अभिव्यक्ति स्वतन्त्रता अतिक्रमणका रूपमा, समानुपातिक प्रतिनिधित्व अभावका रूपमा, लोकतन्त्रसम्मत गतिविधिमाथि राज्यका तर्फबाट बल प्रयोगका रूपमा, नागरिकता प्रदान गर्ने सवालमा कानुनसम्मत व्यवहार नगरेर राजनीतिक उत्पीडनका विभिन्न विशेषता देखा पर्ने गरेको पाइन्छ।

## सांस्कृतिक उत्पीडन

सांस्कृतिक उत्पीडनभित्र पनि धेरै विषय समेटिने गर्दछ। कुनै पनि समूह, जाति, धर्म वा समुदायका भाषा,

धर्म, परम्परा, विश्वास, पहिचान वा जीवनशैलीजस्ता विषयमा हुने उत्पीडनलाई सांस्कृतिक उत्पीडन भनिन्छ। खासगरी, राज्य पक्षले सांस्कृतिक विविधताको संरक्षण गर्न नचाहेको वा नसकेको तर्कसँगै सांस्कृतिक उत्पीडनको अवधारणा अगाडि सारिएको पाइन्छ । सांस्कृतिक उत्पीडनअन्तर्गत भाषिक उत्पीडन वा भाषिक अधिकारको विषय पनि आउँछ । मातृभाषामा अध्ययन, अध्यापनको विषय यसैअन्तर्गत आउँछ। सबै भाषालाई समान महत्त्व दिनुपर्ने माग सांस्कृतिक उत्पीडनको समस्यालाई समाधान गर्न भनेर अघि सारिन्छ।

यसअन्तर्गत भेदभाव र असमानताको विषय, यसै सेरोफेरोमा रहेर संस्कार, संस्कृति, रहनसहन, चाडपर्वमा भएका भेदभाव, उत्पीडन पनि आउँछन्। नेपालको सन्दर्भमा हिन्दु धर्मभन्दा फरक धर्मसित सम्बन्धित सांस्कृतिक पक्षमा भएको भेदभाव वा उत्पीडनलाई यसै सन्दर्भमा जोड्ने गरिन्छ। यसैसँग सम्बन्धित रहेर परम्परा र संस्कारका सम्बन्धमा हुने भेदभाव र उत्पीडन यो उत्पीडनका विशेषता हुन् । नेपालमा गैरहिन्दु धर्मावलम्बी अथवा गैरधार्मिक जातजाति वा समुदायका परम्परा र संस्कासम्बन्धी विषय यसैअन्तर्गत पर्दछन् । सांस्कृतिक क्षेत्रमा समानुभूतिको माग यसै उत्पीडनसित जोडिएर आउने गरेको छ। नेपालमा नेपालीबाहेकका अन्य भाषाको विकास उपेक्षामा पर्नु, गैरहिन्दु धर्मावलम्बीप्रति उपेक्षापूर्ण रवैया अपनाइनु, गैरहिन्दु जातजाति, भाषाभाषी र धर्मावलम्बीका पोसाकलाई उपेक्षा गर्नु, राष्ट्रिय चाडपर्वको सन्दर्भमा गैरहिन्दुका चाडपर्वप्रति भेदभाव गरिनुजस्ता विषयले पनि सांस्कृतिक उत्पीडनको झल्को दिएको मानिन्छ।

## *लैङ्गिक उत्पीडन*

पछिल्लो समयमा लैङ्गिक विभेद वा उत्पीडनसम्बन्धी आवाज चर्को रूपले अगाडि आइरहेको छ। सामन्तवादको अन्त र पुँजीवाद साम्राज्यवादको रूपमा रूपान्तरणसँगै अगाडि आएको उपयोगितावाद/उपभोक्तावादले प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारले महिलालाई वस्तुका रूपमा प्रस्तुत गरिरहेका बेला खासगरी महिला जागरण अगाडि आएको अवस्था छ । लैङ्गिक उत्पीडनको मुख्य विषयवस्तु पुरुषसरह महिलालाई समान अवसर र अधिकार दिइनुपर्छ भन्ने हो । त्यस अर्थमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा समानता हुनुपर्दछ भन्ने आवाज उठेको छ। महिलालाई महिला भएकै कारण भेदभाव गरिनु हुन्न भन्ने धारणाबाट लैङ्गिक उत्पीडनको विरोध गरिएको हो।

नेपालमा महिला अधिकारको सन्दर्भमा प्रशस्त आवाज उठ्ने गरेको छ। त्यो सन्दर्भमा २०५८–५९ सालतिर महिलाका समस्याको विस्तृत अध्ययन गर्न सङ्गठित अभियान चलेको थियो। त्यसलाई 'महिला घोषणापत्र' वा 'महिला अधिकारपत्र' भनिएको थियो (पौडेल, २०५८, पृ. २) । सो अभियानमा सम्पत्तिमा समान अधिकार, पुरुषसरह महिलालाई समान ज्याला, विवाह र सम्बन्धविच्छेदको स्वतन्त्रता, गर्भपतनको स्वतन्त्रता, पारिवारिक न्यायालयको स्थापनाजस्ता विषय उठाइएको पाइन्छ (उही) । यो आन्दोलनले प्रस्ट रूपमा लैङ्गिक उत्पीडनको विरोध गरेको मात्रै होइन, लैङ्गिक उत्पीडन न्यूनीकरण गर्न ठोस उपाय सुझाएको थियो।

घरेलु हिंसा, जबर्जस्ती विवाह (उदाहरणका लागि बालविवाह), अनमेल विवाह, दहेज प्रथाजस्ता घरेलु उत्पीडन लैङ्गिक उत्पीडनकै फरक रूप हुन्। शिक्षा र रोजगारीमा विभेद गर्नु अर्थात् छोरीलाई शिक्षा क्षेत्रप्रति प्रेरित गर्नुको सट्टा घरभित्रैबाट बन्देज लगाउनु र सरकारबाट प्रोत्साहनको अभाव हुनुजस्ता समस्या नेपालमा विद्यमान छन्। त्यस्तै समान कामका लागि महिलालाई थोरै ज्याला दिनु अर्को समस्या हो । महिलालाई लैङ्गिक भेदभाव गर्न नपाइने संविधानले नै स्वीकार गरे पनि (नेपालको संविधान, २०७२, पृ. ४९) व्यवहारमा अझै भरपर्दो स्थिति कायम हुन सकेको छैन । महिला भएकै कारण दोस्रो दर्जाको मानिसमा गनिनु, अशुद्ध ठानिनु, रजस्वलाजस्तो प्राकृतिक शारीरिक क्रियाकलापसित छाउपडीलगायतका प्रथा जोडिनु लैङ्गिक उत्पीडनअन्तर्गत आउने सारवस्तुको रूपमा सांस्कृतिक र धार्मिक उत्पीडन नै हुन्।

केही समययता खासगरी पाश्चात्य भूगोलबाट लैङ्गिक उत्पीडनको रूपमा तेस्रो लिङ्गी वा फरक लिङ्गको समस्या टड्कारो रूपमा उठाउने गरिएको छ । तेस्रो लिङ्गीको समस्या र उनीहरूले पुरुष वा महिलासरह अधिकार पाउनु स्वाभाविक देखिन्छ। पहिले उनीहरूको

पहिचानको समस्या गम्भीर थियो। अहिले तेस्रो लिङ्गीको समस्या समलिङ्गी समस्यासँगै जोडिएर आएको छ । विश्वका विभिन्न देशले समलिङ्गी विवाहलाई मान्यता दिन थालेपछि त्यसको प्रभाव नेपालमा पनि देखिन थालेको छ। खासगरी, सहरी क्षेत्रमा तेस्रो लिङ्गी वा समलिङ्गीको समस्यालाई लैङ्गिक उत्पीडनको एउटा पाटो मात्र थालिएको छ।

## *जातीय वा जातीयतामाथि आधारित उत्पीडन*

उद्योगको विकास, विश्वव्यापीकरण (भूमण्डलीकरण) तथा सूचना प्रविधिको उच्च विकाससँगै जातीय अथवा जातीयतामाथि आधारित उत्पीडन समाप्त हुनुपर्ने हो। तर विश्वव्यापी रूपमा जातीय र क्षेत्रीय आधारमा भेदभाव वा उत्पीडन यथावत् छ। विश्वका विकसित देशमा समेत जाति र क्षेत्रको आधारमा विभेद र उत्पीडन यथावत् छ। जर्ज फ्लोयड प्रकरणले बताउँछ– संसारकै विकसित मानिएको अमेरिकामा समेत अश्वेत समुदायमाथिको विभेद वा उत्पीडन यथावत् छ। जातीयतामाथि आधारित भेदभाव रगतसँग जोडिएको हुन्छ। यो नस्ल अथवा प्रजातिसित जोडिएको हुन्छ। पूर्वी विश्वमा त जातीय भेदभाव अथवा उत्पीडनलाई हिन्दु धर्मले आफूभित्रै समेटेको छ। मनुस्मृतिका आधारमा वर्णाश्रम व्यवस्था संसारमै कुख्यात छ। यस्तो उत्पीडनका विरुद्ध सम्बन्धित भूगोलमा व्यापक आवाज उठ्ने गरेको छ।

जातीय वा जातीयतामाथि आधारित उत्पीडनभित्र छुवाछुत भेदभाव वा सामाजिक बहिष्करणको अवस्था गम्भीर छ। कानुनले नै नेपालमा १३% दलित छन् भनी स्वीकारेको छ। दलित समुदायलाई समावेशीकरणभित्र समेट्न संवैधानिक र कानुनी व्यवस्था गरिएको भए तापनि व्यवहारमा त्यसको कार्यान्वयनमा गम्भीर समस्या अहिले पनि छन्। त्यसैगरी जातकै आधारमा स्रोत र अवसरमा पहुँच नहुनु अर्को समस्या हो। जमिन, शिक्षा, रोजगारी, स्वास्थ्यलगायत सबै क्षेत्रमा जातिहरूको न्यून पहुँच देखिएको छ। नेपालमा महिला, आदिवासी, जनजाति, दलित समुदाय, मधेसी, पिछडिएको क्षेत्र, अपाङ्गता भएका व्यक्तिलगायतका लागि समावेशी क्लस्टर यिनै उत्पीडनलाई सम्बोधन गर्न व्यवस्था गरिएको हो। त्यससँगै प्रशासनिक र राजनीतिक क्षेत्रमा जातीयताको आधारमा जुन विभेद अथवा उत्पीडन छ; यो व्यवस्थाले स्थितिमा सुधार आउने अपेक्षा गरिएको छ। सत्तामा पहुँच नपुगेका जातिका संस्कृति, भाषा, पोसाकलाई तुच्छ ठान्नु अथवा शासक वर्गको संस्कृति, भाषा, पोसाक आदिको महिमामण्डन गर्नु त्यस्तै खालको उत्पीडन हो। खासगरी नेपालमा अन्तर्जातीय विवाहलाई मान्यता नदिइएको अवस्था यस सन्दर्भमा उल्लेखनीय छ।

## *नेपालमा आर्थिक उत्पीडनको अवस्था*

गरिबीलाई आर्थिक उत्पीडनको परिणाम मात्र सकिन्छ। सामान्यतः आर्थिक उत्पीडनलाई धनी वा पुँजीपतिले गरिब वा मजदुरलाई गरिने शोषण भनी बुझिने गरिन्छ। नेपालमा केही उद्योग छन्। त्यहाँ पुँजीपति र मजदुरबिच शोषण छ। त्यस्तै मुट्ठीभर कृषिउद्यम छन्, जहाँ ज्यालादारी श्रमको उपयोग गरिन्छ। त्यसबाहेक नेपाली अर्थतन्त्रको विकासमा वैज्ञानिकीकरण वा यान्त्रीकरणको अभाव मुख्य समस्या भएकाले यसैको परिणाम गरिबी हो।

नेपालमा २०५२/५३ सालबाट जीवनस्तर सर्वेक्षण सुरु गरिएको पाइन्छ (NLSS IV 2022-23, पृ. २३)। त्यसपछि २०६०/६१ साल, २०६६/६७ साल र २०७९/८० सालमा क्रमश दोस्रो, तेस्रो र चौथो जीवनस्तर सर्वेक्षण सम्पन्न भयो। केन्द्रीय तथ्याङ्क विभाग (हाल केन्द्रीय तथ्याङ्क कार्यालय) द्वारा सम्पन्न हुने यो सर्वेक्षणमा पछिल्लो गरिबीको दर २०.२७% देखाइएको छ (उही, पृ. ३७)। २०७९/८० सालको चौथो जीवनस्तर सर्वेक्षणमा वार्षिक ७०,९०८ रुपियाँभन्दा कम खर्च गर्नेलाई गरिबको परिभाषाभित्र राखिएको छ। गरिबीको दर सहरी क्षेत्रमा १८.३४% रहेकोमा गाउँमा २४.३६% रहेको छ। प्रदेशगत हिसाबले गरिबीको दर सुदूरपश्चिम प्रदेशमा सबैभन्दा धेरै ३४.१६% र सबैभन्दा कम गण्डकी प्रदेशमा ११.८८% रहेको छ (उही, पृ. ३८)। सर्वेक्षणले औपचारिक शिक्षाको सापेक्षतामा गरिबीको दर पनि घटीबढी देखिएको छ। सर्वेक्षणमा स्नातक अथवा सोभन्दा माथि अध्ययन गरेका परिवारमा ०.४४% गरिबी रहेको छ भने निरक्षर जनसङ्ख्यामा ३२.३२% रहेको पाइन्छ (उही, पृ. ४१)। यसरी ग्रामीण परिवेश तथ अशिक्षा नेपालमा गरिबीका आधार रहेको मान्नुपर्ने हुन्छ।

जीवनस्तर सर्वेक्षणमा नेपालको गरिबीका विभिन्न आयाम देखा पर्दछन् । पेसागत हिसाबले स्वरोजगार वा सेवा क्षेत्रमा लागेका समुदायमा गरिबी सबैभन्दा कम ७.२६% देखिएको छ भने तलब/ज्याला वा कृषि क्षेत्रमा गरिबी ३७.८१% छ। त्यस्तै कुनै पनि पेसामा संलग्न नरहेका निष्कृय जनतामा गरिबीको दर २०.९६% छ। उनीहरू कुल जनसङ्ख्याको ५०.०२ प्रतिशत रहेका छन् (उही, पृ. ४२)। यहाँ पनि कृषि क्षेत्रमा गरिबीको आधार बढी भेटिएको छ। आधाभन्दा बढी जनसङ्ख्याले कुनै पनि काम नगर्नु भनेको देशकै लागि चिन्ताको विषय हो। जमिन बढी हुनेमा गरिबीको प्रतिशत कम छ। जस्तो– २ हेक्टरभन्दा बढी जमिन हुनेमा ११.३८% गरिबी देखिएको छ। त्यस्तै कम जमिन ०.२ हेक्टरभन्दा कम जमिन हुनेमा गरिबी २३.२२% रहेको छ (उही, पृ. ४३) । नेपालमा टुक्रेजमिनको हिस्सा बढी छ। स्वाभाविकै रूपमा टुक्रे जमिनबाट बढी उत्पादकत्व पाउन सम्भव छैन। फलस्वरूप गरिबी उत्पन्न हुन्छ। गरिबीको समस्या गम्भीर रहे तापनि पछिल्ला समयमा गरिबीको दरमा क्रमशः सुधार हुँदै आएको देखिन्छ।

२०५२/५३ सालमा गरिबीको दर ४१.७६% थियो। २०६०/६१ सालमा त्यो दर घटेर ३०.८५% पुग्यो। २०६६ सालमा अझै घटेर गरिबी २५.१६% सम्म आइपुग्दा पछिल्लो २०७९/८० सालको जीवनस्तर सर्वेक्षणमा त्यो दर घटेर २०.२७% पुगेको छ (उही, पृ. ४५)। यस अर्थमा नेपालमा गरिबीको दर विस्तारै घट्दै गएको तथ्याङ्कबाट मात्र सकिने अवस्था छ। यहाँ बहुआयामिक गरिबीको प्रसङ्ग लिइएको छैन । २०५२/५३ सालमा ११.७५% रहेको गरिबीको विषमता २०७९/८० मा घटेर ४.५२% पुगेको छ। त्यस्तै गरिबीको गहनता ४.६७% रहेकोमा घटेर १.४८% रहेको छ (उही) । यसले देश क्रमशः गरिबीबाट माथि उठ्दै गएको तथ्यलाई नै बताउँछ।

नेपालमा औद्योगिक क्षेत्र कमजोर अवस्थामा छ। फलस्वरूप अहिले पनि कुल जनसङ्ख्याको ६२% परिवार कृषिकार्यमा लागेको देखिन्छ। यो सङ्ख्या कुल जनसङ्ख्याको ६७% हुन जान्छ (राष्ट्रिय कृषिगणना–२०७८ सारसङ्क्षेप, पृ. ३८) । यसबाट नेपाल अहिले पनि कृषिप्रधान देश हो भन्ने पुष्टि हुन्छ। त्यसका बाबजुद कृषिले पुँजीवादी स्वरूप ग्रहण गरिसकेको छैन अर्थात् कृषिमा वस्तु उत्पादन हुन सकिरहेको छैन । फलस्वरूप अझै पनि कृषि उत्पादनबाट किसानका लागि गुजारा मात्रै हुने गरेको अवस्था छ । कृषिको आधुनिकीकरण अर्थात् वैज्ञानिकीकरण वा यान्त्रीकरण हुन सकिरहेको छैन । यसका पछाडि विभिन्न कारण छन् ।

देशमा औद्योगिक विकास अत्यन्त सुस्त गतिमा रहेकाले रोजगारी सृजना हुन सकिरहेको छैन। फलस्वरूप गत केही दशकयता श्रमशक्तिको विदेश पलायन बढ्दो छ। त्यसको असर कृषिक्षेत्रमा परेको छ र थोरै स्थानका व्यावसायिक कृषिबाहेक समग्र कृषि विभिन्न कारणले वैदेशिक रोजगारीमा जान नसक्नेले सञ्चालन गरेको अवस्था छ। राष्ट्रिय कृषिगणना–२०७८ को तथ्याङ्क हेर्दा कृषिलाई मुख्य पेसा ठान्नेहरू गत दश वर्षमा ८१ बाट केही अङ्क घटेर ७९% पुगेका छ (राष्ट्रिय कृषिगणना–२०७८, पृ. ३९) । उद्योगको अवस्था कमजोर हुँदा यस्तो हुनु स्वाभाविकै हो।

देशमा कृषिक्षेत्रमै निर्भर रहेर पनि वर्षभरि खान नपुग्ने कृषक ५५% रहेका छन् (उही, पृ. ४२)। कृषिको पिछडिएको अवस्थाकै कारण यो अवस्था आइपरेको हो। गणनामा घरायसी प्रयोजनका लागि खेती गर्ने कृषक ६९% तथा बिक्रीका लागि मात्रै उत्पादन गर्ने १% छन्। त्यसैगरी केही बिक्री गर्ने अन्यथा घरायसी उपभोग मात्रै गर्ने २५% देखिएको छ (उही, पृ. ४४)। यसबाट देशमा नगदेबाली अझै पनि कृषिको मुख्य प्रवृत्ति बन्न नसकेको देखिन्छ। खेती गर्नेको स्वामित्वमा जमिन नहुनु नेपाली कृषिको समस्या हो । अझै पनि ५३,९०० परिवारले विशुद्ध अरूको जग्गा मात्रै कमाएको अवस्था छ (उही, पृ. ५४)। यसरी अरूको खेती गर्ने परिवारमध्ये ४४.५% कृषक परिवारले भूमिपतिलाई बाली नै बुझाउने गरेका छन् (उही, पृ. ५५)। यसले देशमा अझै पनि कुतप्रथा समाप्त नभएको अर्थात् आर्थिक कारोबारम नगद मुख्य माध्यम बन्न नसकेको तथ्यलाई देखाउँछ। यता २०७८ सालको जनगणनामा २८.६% ले अरूको मात्रै काम गरेको तथ्याङ्क देखापर्छ (राष्ट्रिय जनगणना–२०७८ को सङ्क्षिप्त नतिजा, पृ. ९) । यसरी कृषिकर्म गर्नेलाई जमिनको व्यवस्था नहुनु गम्भीर समस्या बनेको छ।

कृषि क्षेत्रको विकास गरेर गरिबी न्यूनीकरण गर्ने

सन्दर्भमा राज्यको ध्यान पुगेको छैन। कृषिगणनाअनुसार कृषिकर्म गर्नेमध्ये ६५.७% कृषिऋण लिएका छैनन् भने ९५.६% कृषकले कृषिबिमा गरेका छैनन् (उही, पृ. ६३)। यसले कृषिक्षेत्रमा सरकारद्वारा आर्थिक समर्थनको अवस्था धेरै नै कमजोर रहेको देखिन्छ; जब कि किसानलाई कृषिऋण र कृषिबिमा अत्यन्तै आवश्यक हुन्छ। २०७८ सालको राष्ट्रिय जनगणनामा देशमा १.१% जनतासित मात्रै कार, जिप वा भ्यान भएको देखिन्छ। कुनै पनि सवारी साधन सुविधा नभएका जनता ६% छन् (राष्ट्रिय जनगणना २०७८ सङ्क्षिप्त नतिजा, पृ. ४१)। यसमा पनि जनतामा गरिबी भएको प्रमाण पाउन सकिन्छ। देशमा बेरोजगारीको स्थिति गम्भीर छ। विदेश नगई घर बसेका जनसङ्ख्यामध्ये ३७.५% मानिसले कुनै पनि आर्थिक काम गर्दैनन् (उही, पृ. ८८)। नेपालको १० वर्ष वा सोभन्दा माथिका ६१.८% जनताले घरायसी क्षेत्रमा काम गरेको देखिन्छ (उही, पृ. ८९)। नेपालमा बेरोजगारी र गरिबी एकआपसमा जोडिएर आएका छन्। यसरी प्रत्येक दश वर्षमा हुने जनगणनाले देशमा उत्पीडनको समस्यालाई उजागर गरेको छ।

## *उत्पीडनको वैचारिक प्रवृत्ति*

समाजशास्त्रीय दृष्टिकोणबाट उत्पीडनको सन्दर्भमा विभिन्न विद्वान्हरूले विचार व्यक्त गरेका छन्। मुख्यतः यस्ता विचारलाई तीन भागमा बाँड्न सकिन्छ। जस्तै–

१. मार्क्सवादी सिद्धान्त

२. संरचनात्मक प्रकार्यवादी सिद्धान्त

३. फुटकर सिद्धान्त।

## *मार्क्सवादी दृष्टिकोण*

मार्क्सवादीहरू सबै प्रकारको उत्पीडनको केन्द्रबिन्दुमा वर्गीय उत्पीडनलाई मान्दछन्। उनीहरूको धारणाअनुसार आर्थिक आधार नै त्यो जग हो, जसमाथि राजनीतिक, धार्मिक कानुनीजस्ता उपरी संरचना उभिएका हुन्छन् (मार्क्स, सन् १९८२, पृ. २)। त्यसैगरी वर्गको अस्तित्व उत्पादनका विकासको खास ऐतिहासिक समयसित जोडिएको हुन्छ (मार्क्स, सन् १८५२, पृ. ६८)। जब आर्थिक आधारमा रूपान्तरण हुन्छ; त्यसपछि उपरी संरचनामा पनि रूपान्तरण हुन्छ। तर अन्य विद्वान्हरू आर्थिक आधारलाई मात्रै उत्पीडनको मुख्य स्रोत मान्न तयार छैनन्। फेरि पनि आर्थिक पक्ष उत्पीडनको स्रोतको रूपमा आधारभूत वा महत्त्वपूर्ण छ भन्ने तथ्यमा बढी विवाद गर्नुनपर्ला तथा विभिन्न अध्ययनले देखाएअनुसार आर्थिक रूपमा सम्पन्न हुँदा अन्य उत्पीडन गौण बन्न जान्छन्। राष्ट्रिय मानव अधिकार आयोगले जातीय छुवाछुतको विषयमा गरेको अध्ययनले पनि त्यसलाई पुष्टि गर्दछ। त्यो अध्ययनमा सेयर होल्डरहरू फरक जातिका भए पनि उनीहरूमा जातीय छुवाछुतको भावना कमजोर रहेको देखिन्छ (रा. मा.आ., २०७६, पृ. ७६)। इतिहास हेर्ने हो भने पनि आर्थिक विपन्नताको जगमा जातीय विभेद जन्मेको थियो र आर्थिक समानताको अवस्था कायम हुँदा उत्पीडनको प्रभाव फिका हुनेछ।

मार्क्सवादमा प्रणेता कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले सामाजिक उत्पीडनलाई वर्गीय शोषणसँग जोडिएको ठान्दछन्। उनीहरूले आर्थिक उत्पीडनकै एउटा स्वरूप सामाजिक उत्पीडनलाई मान्छन्। 'मार्क्सको पुँजी' मा आर्थिक उत्पीडनको विस्तारपूर्वक चर्चा गरिएको पाउन सकिन्छ। त्यस क्रममा मार्क्सले अतिरिक्त मूल्यको सिद्धान्तमा जोड दिएका छन्। अतिरिक्त मूल्य पुँजीपतिले हडप्ने र त्यसबाट सर्वहारा वर्ग वा मजदुर उत्पीडित हुने उनको धारणा छ। पूरै औद्योगिक समाज पुँजीपति र मजदुरमा विभक्त हुने भएकाले समाजमा अन्य वर्ग र सबै प्रकारका उत्पीडनमा यस्तो वर्गसङ्घर्षको प्रतिबिम्ब देखा पर्ने धारणा उनले व्यक्त गरेका छन्। त्यस क्रममा राजनीतिक उत्पीडन तिनै पुँजीपति वर्ग र सर्वहारा मजदुर वर्गको उपरी संरचनामा प्रतिबिम्बित हुने उनको धारणा छ। पुँजीपति र सर्वहारा मजदुर वर्गबिचको सङ्घर्षमा राज्यसत्ता प्रमुख विषय हुने बताउँदै उनले मजदुर वर्गले राज्यसत्ता प्राप्त गरेको खण्डमा राज्यसत्ता नै विलोप हुन आउने (लेनिन, सन् १९१७, पृ. ८२) अवस्थालाई उनले साम्यवाद बताएका छन्। लेनिनले यसबारे ठोस व्याख्या गर्दै त्यसको पूर्वार्द्धलाई वैज्ञानिक समाजवाद बताएका छन्।

यता जातीय वा जातीयतामाथि आधारित उत्पीडनलाई पनि मार्क्सले वर्गीय उत्पीडनसँग जोडेर हेर्दछन्। उनका अनुसार दलित समुदाय र आदिवासी जनजाति मजदुर

वर्गसित सम्बन्ध राख्दछन् । किनकि उनीहरू मजदुर वर्गसरहको आर्थिक हैसियतमा हुन्छन्। खासगरी दलित समुदायको अवस्था त मजदुर सर्वहारा वर्गको जस्तै हुन्छ। उनीहरूसँग जमिन हुँदैन। फलस्वरूप उनीहरू श्रमशक्ति बिक्री गरेर बजारको मागअनुसार आर्थिक उतारचढावको अवस्थामा रहन्छन्। आदिवासी र जनजातिभित्रको एउटा सामाजिक श्रेणी पनि यस्तै प्रकारको अवस्थामा रहन्छ। जातीय समस्या समाधानको सम्बन्धमा लेनिनको प्रसिद्ध सिद्धान्त जातिहरूको 'आत्मनिर्णयको अधिकार' यस सन्दर्भमा उल्लेखनीय छ। 'जातिहरूको आत्मनिर्णयको अधिकारको अर्थ, यी जातिको पराइ जातीय समूहसँग राजनीतिक रूपमा पृथकता र स्वतन्त्र जातीय राज्यको निर्माण' (लेनिन, सन् १९१४, पृ. ३०४)। यसबाट जातीय समस्याको सन्दर्भमा मार्क्सवादीको अत्यधिक उदारताको परिचय पाउन सकिन्छ।

## *संरचनात्मक प्रकार्यवादी अवधारणा*

अगस्त कोम्टे समाजशास्त्रका पिता मानिन्छन् । उनले मानव समाजलाई तीन तहमा बाँडेका छन्। जस्तै– आध्यात्मिक तह, पराभौतिक तह र प्रत्यक्षवादी तह। ईश्वरले समाजको सृष्टि गरेको हो भन्ने सामाजिक चेतनालाई उनले आध्यात्मिक तह मानेका छन् भने ईश्वरको प्रेरणा पनि आवश्यक छ। तर समाजको आफ्नै गति, नियम हुन्छ भन्ने सामाजिक चेतनाको चरणलाई पराभौतिक तह। त्यस्तै समाजको वैज्ञानिक अध्ययनको तहलाई उनले प्रत्यक्षात्मक तह मानेका छन्। समाजको आफ्नै स्थिर संरचना हुन्छ। परिवार, विवाह, धार्मिक संस्थाजस्ता स्थिर संरचनामा गतिशीलताको आधारमा समाजलाई बुझिनुपर्छ भन्ने उनको धारणा रहेको छ। वास्तवमा संरचनात्मक प्रकार्यवादी धारणा कोम्टेले नै अगाडि सारेका थिए। इमाइल दुर्खिम कोम्टेपछिको आधुनिक समाजशास्त्रका पिता मानिन्छन्। उनले समाजशास्त्रलाई बेग्लै र पृथक रूप दिएका थिए। व्यक्तिभन्दा समाजलाई महत्त्व दिनु उनको समाजशास्त्रीय योगदान हो। उनले श्रम विभाजनमा जोड दिए। समाज एकीकृत एकाइ हो, समाजका विभिन्न एकाइमाझ अन्तर्क्रियाको आधारमा मानव समाज क्रियाशील हुन्छ भन्ने उनको धारणाले नै अन्ततः संरचनात्मक प्रकार्यवादी सिद्धान्तले मूर्त रूप ग्रहण गरेको मानिन्छ। उनले धर्मले पनि सामाजिक एकता र स्थिरताको काम गरेको धारणा व्यक्त गरेका छन्।

म्याक्स वेबरले सामाजिक उत्पीडनको सन्दर्भमा मार्क्सवादभन्दा फरक दृष्टिकोण राख्छन्। वेबर सिद्धान्तको चर्चा गर्दै रसेल ह्यागरले खाली आर्थिक कारणले मात्रै होइन, सामाजिक प्रतिष्ठा र शक्तिले पनि उत्पीडनको प्रकृतिलाई प्रभावित पार्ने बताएका छन् (Haggar,1997 AD, earlhamsociologypages.uk) । यसरी वेबरका अनुसार आर्थिक रूपमा सम्पन्न व्यक्ति पनि सामाजिक प्रतिष्ठा र शक्ति सन्तुलनमा तल छ भने सामाजिक उत्पीडन हुन सक्ने बताउँछन्। सम्पत्तिमा मात्र आधारित रहेर होइन, सामाजिक प्रतिष्ठा र शक्तिका कारण पनि आर्थिक उत्पीडन व्यहोर्नुपर्ने धारणा उनको छ। त्यसैगरी सामाजिक प्रतिष्ठा र कानुनी अधिकारको ह्रासका कारणले पनि राजनीतिक उत्पीडन देखा पर्ने वेबरको धारणा छ। पियरे बोरदिऊले सांस्कृतिक पुँजीको आधारमा सामाजिक उत्पीडन देखा पर्ने बताएका छन्। उनले शिक्षा, बोलीबचन, रहनसहनको आधारमा पनि समाजमा सामाजिक उत्पीडन व्यक्त हुने धारणा अगाडि सारेका छन्। उनले लैङ्गिक उत्पीडनको व्याख्यासमेत गरेका छन्। बोरदिऊ समाजमा पुरुष दाहिने हातको रूपमा र महिला देब्रे हातको रूपमा रहने धारणा राख्दछन् (बोरदिऊ, सन् २००२, पृ. ११७)। उनले यही आधारमा शिक्षाप्रणाली र सामाजिक दृष्टिकोण निश्चित हुने दाबीसमेत गरेका छन्।

## *अन्य समाजशास्त्रीय दृष्टिकोण*

समाजशास्त्रीय अध्ययनको क्षेत्रबाट उत्पीडनको सवालमा उत्तरआधुनिकतावादी विचार पनि पाइन्छ । उनीहरू 'विनिर्माण' को पक्षधर भएकाले हालसम्मका सबै मानवीय उपलब्धि वा सम्पदालाई 'महाआख्यान' बताएर खारेज गर्दछन्। डा. गोविन्दराज भट्टराई 'विनिर्माण' भनेको 'उल्टोपाल्टो' गर्नुजस्तै भएको बताउँछन् (भट्टराई, २०६२, पृ.२६) । त्यसका बाबजुद उनीहरू उत्पीडनको विरोध गर्दछन्। राजनीतिक उत्पीडनको सन्दर्भमा मिसेल

फुको राजनीतिक सत्ता भनेको सरकार मात्रै नभएर मिडिया, विद्यालय र अस्पताल पनि हुन् भन्ने धारणा राख्छन्। त्यस्तै सांस्कृतिक उत्पीडनको सवालमा फुकोले 'सत्ता' र 'ज्ञान' को प्रसङ्ग अगाडि सार्दछन् । उनका अनुसार सांस्कृतिक उत्पीडन पाठ्यपुस्तक, मिडिया र यस्तै प्रकारका अन्य संस्थाबाट कायम हुन्छ । उनले सत्ताले 'शिक्षा' र 'ज्ञान' को क्षेत्रबाट सांस्कृतिक उत्पीडनलाई निरन्तरता दिने धारणा व्यक्त गरेको पाइन्छ ।

सांस्कृतिक उत्पीडनको सन्दर्भमा सबाल्र्टन अध्ययन पनि जोडिन्छ। सबाल्र्टन अध्ययनका प्रवर्तक मानिने इटलीका एन्टोनियो ग्राहम्स्कीले 'सांस्कृतिक वर्चस्व' (कल्चरल हेजेमोनी) को धारणा अगाडि सारेका छन्। उनले सत्ता वा प्रभुत्वशाली वर्गले आफ्नो संस्कृति, मूल्य र विश्वासलाई महत्त्व दिन्छ र अरू तप्कालाई दबाउँछ अथवा उत्पीडन गर्दछ भन्ने विचार व्यक्त गरे । यस्तो तप्कालाई उनले 'अधिकारविहीन' तप्का बताएका छन्। पौडेलका अनुसार, 'सबाल्र्टन' को शाब्दिक अर्थ सेनामा अधिकार नभएको तल्लो पदको 'सैनिक' भन्ने हुन्छ (पौडेल, २०७५, अन्नपूर्ण पोस्ट डट कम)। इटली सरकारले 'सर्वहारा' शब्द प्रयोगमा ल्याउन नचाहेपछि सरकारलाई बुझाएको आफ्नो रिपोर्टमा ग्राहम्स्कीले 'सबाल्र्टन' अर्थात् 'अधिकारविहीन' तप्का शब्द प्रयोगमा ल्याएका थिए। उनको यो समाजशास्त्रीय सिद्धान्तलाई 'सबाल्र्टन अध्ययन' भनिन्छ। लैङ्गिक दृष्टिकोणमा नारीवादी विचारको महत्त्वपूर्ण स्थान छ। नारीवादी सिद्धान्तले लैङ्गिक उत्पीडनका लागि पुरुषप्रधान समाजलाई दोषी ठह्र्याउँछ। यो सिद्धान्तले व्यवस्थासँगै सम्पूर्ण पुरुषलाई महिला उत्पीडनको सन्दर्भमा दोषी देख्दछ । खत्रीले नारीवादलाई उदार नारीवाद, मार्क्सवादी नारीवाद, समाजवादी नारीवाद, आमूल नारीवाद र समाजवादी नारीवाद गरी अध्ययन गरेका छन् (खत्री, सन् २०१८, पृ. ८६)। नारीवादी दृष्टिकोण आफैँमा लिङ्गवादी दृष्टिकोण हुनुका बाबजुद महिला सशक्तीकरण आन्दोलनमा उनीहरूको योगदानलाई सकारात्मक रूपमा लिनुपर्दछ।

जातीय वा जातीयतामाथि आधारित उत्पीडनको सन्दर्भमा हाम्रो भूगोलमा भारतका डा. भीमराव अम्बेडकरको योगदानलाई विस्मृतिमा राख्न मिल्दैन । उनले भारतीय स्वतन्त्रता सङ्ग्रामसँगै जातीय समस्या उठान गरेका थिए। जातव्यवस्था एउटा सामाजिक अपराध हो भन्ने उनको धारणा थियो । उनले आजीवन दलित समुदायको मुक्ति र समानताको पक्षमा सङ्घर्ष गरेका थिए । उनको यस्तै प्रयासका कारण भारतीय संविधानमा 'अनुसूचित जाति' अर्थात् दलित र 'अनुसूचित जनजाति' अर्थात् आदिवासी जनजाति क्लस्टरको रूपमा आरक्षणको व्यवस्था हुन सकेको थियो । यद्यपि त्यसका बाबजुद जातीय समस्या समाधान नभएपछि अम्बेडकरले हिन्दु धर्म परित्याग गरेर बौद्ध धर्म अपनाएका थिए (महर्जन, २०७७, हिमाल खबर डट कम) । भारतीय जनता यसका लागि डा. अम्बेडकरको सधैँ ऋणि रहनेछन् र नेपालको दलित आन्दोलनले पनि उनको योगदानबाट लाभ लिन सक्नेछ।

## *निष्कर्ष*

उत्पीडन विभेदको दुष्परिणामस्वरूप उत्पन्न हुन्छ र विभेद फरकपनबाट अस्तित्वमा आउँछ। यद्यपि प्रत्येक फरकपनबाट विभेदको उत्पत्ति हुन्छ भन्ने अनिवार्य हुँदैन। मुख्यतः मानव समाजमा विद्यमान फरकपनलाई आधार बनाएर जब कसैले कसैमाथि योजनाबद्ध प्रकारले विभेद गर्न थाल्छ, तब उत्पीडन अस्तित्वमा आउने गर्छ। मानव समाजभित्र एकै प्रकारका उत्पीडन पाइदैन । जब समाजमा विभिन्न प्रकारका उत्पीडन अस्तित्वमा छन् भने तिनीहरूमाझ कुनै एक उत्पीडनले अनिवार्य रूपमा प्रमुख भूमिका खेलेको हुन्छ। यो दृष्टिबाट विचार गर्दा सामान्य उत्पीडन र समाजशास्त्रीय उत्पीडनका विभिन्न स्वरूपमध्ये आर्थिक उत्पीडनले प्रमुख चरित्र ग्रहण गरेको निष्कर्ष निकाल्न सकिन्छ। समाजशास्त्रभित्रका विभिन्न दृष्टिमध्ये एक मार्क्सवादी दृष्टिले उत्पीडन र त्यसको अनिवार्य परिणाम गरिबीलाई प्राकृतिक नभएर मानव निर्मित मान्न सकिन्छ। यदि उत्पीडनको एउटा आधारभूत स्वरूप गरिबीलाई मान्ने हो भने मार्क्सवादले गरिबीलाई पनि मानवनिर्मित प्रवर्ग ठान्दछ। गरिबी मानव समाजभन्दा बाहिरबाट थोपरिएको प्रवर्ग अवश्य पनि होइन । यसको मानिसको कुनै खास तप्काले आफ्नो सम्पन्नताका

लागि अर्को समुदायमाथि गरिबी थोपर्दछ। यही गरिबीको प्रभावस्वरूप मानव समाजमा अन्य उत्पीडन देखा पर्न थाल्दछन् । यद्यपि समाजशास्त्रभित्र खालि आर्थिक पक्षलाई मात्रै मुख्य ठान्ने दृष्टिप्रति फरक धारणा पनि छन् । फेरि पनि विषयवस्तुको गहन अध्ययन गरेर निष्पक्ष र सन्तुलित निष्कर्ष निकाल्दा आर्थिक पक्षबाट गरिबी उत्पन्न हुने र गरिबीका कारण अन्य सामाजिक, राजनीतिक, सांस्कृतिक उत्पीडनका स्वरूप देखा परेको देखिन्छ। गरिबीकै कारण उत्पीडनको व्यापक सामाजिक प्रभाव देखा पर्दछ। हाम्रो देशमा पनि आर्थिक उत्पीडनको समस्या गम्भीर प्रकारको छ । तर त्यो ज्यादै हदसम्म निरपेक्ष प्रकारको छ। किनकि हामीकहाँ पुँजीवादको उच्च विकास भइनसकेकाले अन्य उत्पीडन नै सतहमा देखिन्छन्, यद्यपि यसको कारण पनि गरिबी नै हो। नेपाली समाजमा यदि गरिबीको सट्टा सामाजिक समानता कायम हुन्छ भने उत्पीडनका अन्य प्रभाव स्वतः कमजोर हुँदै जानेछन् । त्यसैले नेपालको सन्दर्भमा पनि उत्पीडनको मुख्य स्वरूप गरिबी नै हो र गरिबी नेपाली समाजमा व्यापक वा चौतर्फी प्रभाव देखापरेको छ। यथार्थमा उत्पीडनको सामाजिक प्रभाव हो।

## *सन्दर्भ सामग्रीसूची*


उप्रेती, गङ्गाप्रसाद (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश.* (प्र. सं.). (प्रथम संस्करण). काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

खत्री, प्रकाशचन्द्र (सन् २०१८). 'नारीवादी प्रमुख सिद्धान्त र आलोचना'. *स्पन्दन.* वर्ष ७, खण्ड २, अङ्क १, नोभेम्बर २०१८. जुम्ला : जुम्ला बहुमुखी क्याम्पस।

नेपाल सरबार (२०७२). नेपालको संविधान. काठमाडौँ : स्वदेश प्रकाशन।

नेपाल सरकार (२०८०). *राष्ट्रिय कृषिगणना २०७८ सारसङ्क्षेप.* काठमाडौँ : राष्ट्रिय तथ्याङ्क कार्यालय।

नेपाल सरबार (२०७८). *राष्ट्रिय जनगणना २०७८ सङ्क्षिप्त नजिता.* काठमाडौँ : राष्ट्रिय तथ्याङ्क कार्यालय।

पौडेल, दुर्गा २०५८). *महिला मुक्ति आन्दोलन.* (प्रथम संस्करण). बुटवल : अखिल नेपाल महिला सङ्घ, केन्द्रीय कार्यालय।

पौड्याल, महेश (२०७५). 'सबाल्र्टन विमर्शको अन्तरकथा'. *अन्नपूर्ण पोस्ट डट कम.* २०७९ असोज १५ गते. https:// www. annapurnapost.com/story/213943/

भट्टराई, डा. गोविन्दराज (२०६२). 'स्वर्गीय ज्याक डेरिडाप्रति'. *उत्तरआधुनिक ऐना.* काठमाडौँ : रत्न पुस्तक भण्डार।

महर्जन, बसन्त (२०७७). 'किन हिन्दु धर्म त्यागेर बौद्ध बने अम्बेडकर'. *हिमाल खबर डट कम.* २०७७ मङ्सिर २१. https:// www. himalkhabar.com/news/121084?fbclid=IwY2xjawJ5yANleHRuA2FlbQIxMQBicmlkETE4aDhLUVd SZFBqcUNiTUNjAR6FsV2khuIY-j6HwBXQ2vZ-Iu093gqiI5aqbSn OvOfuMLFKfy8y 1KNUarPuvA_aem_ WgAK1BJ_ H7 ypElR_aOozbQ

मार्क्स, कार्ल (सन् १९८७). *पुँजी.* (खण्ड १. तीसरा संशोधित संस्करण). (अनु. ओमप्रकाश संगल). मास्को : प्रगति प्रकाशन।

मार्क्स, कार्ल (सन् १८५९). *राजनीतिक अर्थशास्त्र की आलोचना में योगदान.* (द्वितीय संस्करण). (अनु. गिरीश मिश्र). नयाँ दिल्ली : पिपुल्स पब्लिशिंग हाउस।

मार्क्स, (कार्ल) र एङ्गेल्स, फ्रेडरिक (सन् १८५२). *सङ्कलित पत्रव्यवहार.* (अनु. ददन उपाध्याय). मास्को : प्रगति प्रकाशन।

लेनिन, ब्ला.ई. (सन् १९८२). 'जातियों का आत्मनिर्णय का अधिकार'. *संकलित रचनाएं.* (खण्ड–४), मस्को : प्रगति प्रकाशन।

लेनिन, भ्ला.ई. (२०६७). *राज्य र क्रान्ति.* (चौथो संस्करण). (अनु. कृष्णप्रकाश श्रेष्ठं). मार्क्सवादी विचार मञ्च, केन्द्रीय कार्यालय।

जातीय भेदभाव तथा छुवाछुत विरुद्ध अधिकारको अवस्था (अध्ययन प्रतिवेदन). (२०७६). ललितपुर : राष्ट्रिय मानवअधिकार आयोग।

Bourdieu, P.(2002 AD). *MasculineDomination.* (R. Nice, Trans.). California: Stanford University Press.

Government of Nepsl (2024 AD). *Nepal Living Standards SurveyIV Summury Report.* Kathmandu: National Statistics Office.

Hagger, R. (1997 AD). ;Max Weber and Social Stratification' – Section One.https://earlhamsociologypages. uk/max-weber-and-social-stratification-section-one/